हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




बर्ष : ०१ अंक : ५३ पृष्ठ : ४ २०७७ भदौ २१ गते आइतबार (Sunday 6 September 2020) www.lahanpost.com मूल्य रु. ५/-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*बढ्दो सुरक्षा चुनौती*

# लकडाउन अवधिमैं सिरहामा ७ को हत्या

**लहान । लकडाउन अवधिमैं सिरहामा सात जनाको हत्या भएको छ । वैशाख १ देखि भदौ ३ गतेसम्मको अवधिमा सिरहामा सात जनाको हत्या भएको हो । कतिपय हत्या घट्ना विभत्स छन् । धेरैजसो हत्या घरायसी विवादमा भएका छन् । लकडाउनको अवधिमैं हत्या घटना हुनुले जिल्लामा सुरक्षा चुनौती बढेको छ ।**

**घटना १ :** जिल्ला प्रहरी कार्यालय सिरहाको तथ्यांक अनुसार गत वैशाख ३० गते लहान नगरपालिका-१७ गोविन्दपुरका मो. ईसाहाकको छोरा ३७ वर्षीय मो. सचिद घरदेखि ५० मि. पुर्वपट्टि रहेको आफ्नै खेतबारीमा टाउको नभएको अवस्थामा मृत फेला परे । घटनाको अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

**घटना २ :** गत असार १६ गते सिरहा नगरपालिका-१४ खिरौना नहरमा सशस्त्र प्रहरी नेपाल बोर्डर आउट पोष्ट माडर सिरहामा कार्यरत सशस्त्र प्रहरी जवान मनोहर कुमार यादव मृत अवस्थामा फेला परे । घटनामा संलग्न आरोपमा प्रहरीले सिरहा नगरपालिका-३ मखनाहाका २५ वर्षीय जयकेश कुमार यादव, २० वर्षीय मंगला भन्ने दिपेश कुमार यादव र बुलना भन्ने मुकेश कुमार यादव साउन ६ गते पक्राउ गऱ्यो ।

**घटना ३ :** गत असार २३ गते राती गोलबजार नगरपालिका-४ स्थित चिल्ड्रेन एजुकेशनल एकेडेमी स्कुलको कक्षाकोठामा गोलबजार-५ की जुलुम साहको छोरी १६ वर्षीया पुन्टी कुमारी साह घाँटीमा सलको पासो भुण्डिएको मृत अवस्थामा फेला पऱ्यो । मृतकका दाजु राजु साहले बहिनीलाई मायाजालमा पारी कर्तव्य गरी मारी भुण्डिएको जाहेरी दिएको आधारमा प्रहरीले एकजनालाई पक्राउ गऱ्यो ।

**घटना ४ :** गत असार ३० गते मिर्चैया नगरपालिका-९ स्थित मिर्चैया बतहा खोला पुलमा लहान नगरपालिका-१ एक पुरुषको मृत अवस्थामा बेवारिसे शव फेला पऱ्यो । शव सिफैत लाल रामको भएको प्रहरीले पत्ता

बाँकी ३ पेजमा

# कटुवा पेस्तोलसहित तीन पक्राउ

**सिरहा ।** कटुवा पेस्तोलसहित प्रहरीले सिरहाको मिर्चैयाबाट शुक्रबार तीन जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मिर्चैयास्थित प्रहरी गस्ती टोलीले को. ३५ प ४०१३ नम्बरको मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा मिर्चैया नगरपालिका-६ का १९ वर्षीय अजय शर्मा र मोटरसाइकलमा पछाडि सवार सोही नगरपालिका-५ का ज्ञान कुमार मण्डललाई एक थान पेस्तोल पक्राउ गरेको हो । ती दुई युवकलाई हतियार दिने बाहविघा बस्ने रमेश साहलाई समेत प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकाहरूको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



पछिल्लो पटक लकडाउनको समयमा अपराधिक गतिविधि बढ्न सक्ने भएपछि प्रहरीले सिरहाका विभिन्न स्थानमा चेकजाँच कार्यलाई तिब्रता दिएको छ । यसअघि प्रहरी गस्ती टोलीले चेकजाँचकै क्रममा सिरहाको कल्याणपुर नगरपालिका-५ स्थित कमला बाँधनजिकबाट गाँजा सहित धनुषाका कृष्ण यादव, सन्तोष यादव र मिर्चैया नगरपालिका-८ का वीरेन्द्र प्रसाद यादवलाइ दुई किलोग्राम लागूऔषध गाँजा सहित पक्राउ गरेको थियो ।

यसैगरि प्रहरी गस्ती टोलीले यसबीचमा भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा दुई लाख १२ हजार ३ सय ६५ रूपैयाँ बराबरको रसायनिक मल, सोफी मदिरा बरामद गरेको थियो ।

# मोटरसाइकल दुर्घटनामा २ को मृत्यु

**लहान ।** रोकिराखेको ट्र्याक्टरमा मोटरसाइकल ठोक्किदा सिरहामा शुक्रबार राति मृत्यु भएका दुईजनाको पहिचान भएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा-चोहर्वा सडक खण्ड अन्तर्गत नरहा गाउँपालिका-५ स्थित बिग्रिएर रोकि राखेको ज १ त ४३२९ नम्बरको ट्र्याक्टरमा अनटेस्ट लेखिएको मोटरसाइकल ठोक्किदा दुई जनाको मृत्यु भएको थियो ।

मृत्यु हुनेमा सिरहा नगरपालिका-५ का बिसनदेव महतोका १९ वर्षीय छोरा अमलेश महतो र रामवृक्ष सदाका २१ वर्षीय छोरा सुनिल सदा छन् । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकमा पछाडि सवार सोही ठाउँका रामवृक्ष सदाका १९ वर्षीय छोरा मिथिलेश सदा गम्भीर घाइते भएका छन् । उनको लहानस्थित राउ स्मारक अस्पतालमा उपचारपछि थप उपचारका लागि बिराटनगर पठाएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलमा तीन जना सवार थिए ।

# रगत अभाव पूर्ति गर्न भुटकीमा रक्तदान

**लहान ।** रगत अभाव पूर्ति गर्न लहान नगरपालिका-२४ स्थित भुटकीमा शनिबार रक्तदान कार्यक्रम गरिएको छ ।

'आज अरूको लागि, भोली आफ्नो लागि' भन्ने नाराका साथ नेपाल समाज जनकल्याण युवा संघको आयोजना र नेपाल निर्माण व्यवसायी संघ लहान सिरहाको सहयोगमा आयोजित रक्तदान कार्यक्रममा ५१ जनाले रगत दान गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल निर्माण व्यवसायी संघ जिल्ला कार्य समिति सिरहा, लहानका अध्यक्ष रासलाल रायले मृत्युको मुखमा पुगेको मानिसलाई रगत दान दिएर बचाउनु नै जीवन दान सरहको दान भएको बताए । उनले खेर जाने आफ्नो शरीरको रगतले कुनै बिरामीले नयाँ जीवन प्राप्त गर्दछ भने, कसैलाई बचाउन सकिन्छ भने यो नै सबैभन्दा ठूलो धर्म,सेवा र जीवन दान भएको बताए ।

चिकित्सकका अनुसार रक्तदान गर्नाले हाम्रो शरीरमा कुनै हानी गर्दै बरू ताजगी र आत्मसन्तुष्टि प्रदान गर्दछ ।



विश्वमा रक्तदानको इतिहास लामो छ । सन् १८१८ मा बेलायतका डा.जेम्स ल्वन्डेलले मर्न लागेको मानिसलाई मानिसको रगत सञ्चार गराउने प्रयास गरे । सन् १९०० मा अष्ट्रियाका डा. कार्ल लेन्डस्टेरनले रक्त समूह हुन्छ भन्ने पत्ता लगाएका थिए । सन् १९१४ मा बेल्जियमका डा. हस्टीनले रगतलाई शरीर बाहिर बोतलमा सोडियम साइट्रेट रसायनको सहायताले नजम्ने गरी राखे तरिका पत्ता लगाए । त्यसपछि मात्र विश्वमा पहिलो रक्त सञ्चार केन्द्र लेलिनगार्ड अस्पतालमा सञ्चालन भएको थियो । 'रगत दिँदा केही हुँदैन' भन्ने चेतना समाजमा आउन नसक्दा अझै पनि बिरामीले सहजरूपमा रगत पाउन सकिरहेका छैनन् । नेपालमा रेडक्रस सोसाइटी स्थापना भएपछि २०२३ साउन १२ गतेदेखि रक्तदानको सुरूवात भएको हो ।

**भित्री पृष्ठमा**

राष्ट्रनिर्माणका सन्दर्भमा क्रान्ति
पेज २ मा

स्थानीय सरकार र स्थानीय सरकारी कार्यालयबीच सम्बन्ध
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसपिटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## मातृभाषाको संरक्षण गरौं

भाषा मानवजातिले पाएको महत्वपूर्ण वरदान हो । भाषाले नै मानिसलाई एक सार्थक सामाजिक प्राणी बनाएको छ । मानिसले भाषाकै माध्यमद्वारा आफ्नो विचार, इच्छा, भावना संचार गर्छन् । विचार, भावना र इच्छालाई स्वैच्छिक रूपमा उत्पन्न भएका प्रतीकहरूको माध्यमबाट संचार हुने विशुद्ध मानवीय र गैर–सहज प्राकृतिकरुपले आर्जित विधीलाई भाषा भनिन्छ । मानिसले संचार गर्नका लागि स्वैच्छिक रूपमा उत्पन्न भएका प्रतिकहरूलाई परम्परागतरुपले प्रयोग गर्छन् । भाषाले नै मानव समाजको सम्बन्धलाई जीवन्त बनाइराख्छ । समाजको उदाय र विकाससँगै भाषा पनि उदाउँछ र विकासहुँदै जान्छ । समाज रहँदैन भने भाषाको अस्तित्व पनि कल्पना गर्न सकिँदैन ।

भाषामै हामी विगतको इतिहासमा पुग्छौ, वर्तमान यथास्थितीमा जिउँछौं, अनि भविष्यको कल्पना पनि गर्छौं । त्यसैले मानव भाषा अरु जनावरहरूको भाषा भन्दा बेग्लै छ । विशिष्ट छ । अद्वितीय छ । भाषा सर्वव्यापी छ–सपनामा, विचारमा, प्रार्थनामा, ध्यानमा, संचारमा, संस्कार र विधिविधानमा । भाषा मानिसले संचार गर्ने माध्यम र ज्ञानको भण्डार मात्र होईन तर यसद्वारा ज्ञानलाई एक ब्यक्तिबाट अर्को ब्यक्तिमा र एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण गर्छ ।

नेपालको जनगणना (२०११) अनुसार नेपालमा १२३ वटा मातृभाषाहरू छन् । नेपालको संविधानको धारा ३१(५) अनुसार 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो 'मातृभाषामा शिक्षा' पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने अधिकार हक हुनेछ' भनि मातृभाषाको अभ्यास र संरक्षण गर्ने अवसर दिएको छ । बालकले पहिले सिकेको वा जानेको भाषा नै मातृभाषा हुन्छ । भाषाशास्त्रीहरूले मातृभाषालाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरेका छन् । मातृभाषा भनेको स्कूल जानु भन्दा अगाडि बच्चाले सजिलै र छिटो बोल्न सक्ने भाषा हो । यो त्यही भाषा हो, जसद्वारा बच्चाले आफ्नो जीवनसँग सम्बन्धित सबै क्षेत्रहरूमा आत्मविश्वासपूर्वक संचालन प्रयोग गर्न सक्छन् ।

भाषा धेरै संवेदशील विषय हो । शिक्षाको विकास तथा ज्ञानको हस्तान्तरण भाषाको माध्यम् बाटै हुन्छ । बालबालिकाहरूको आधारभूत शिक्षा नै उच्च शिक्षाको जग भएकोले उनीहरूले सजिलै बुझ्न र बोल्न सकिने भाषामा मातृभाषा शिक्षाको व्यवस्थापन गर्न सकेमा उनीहरूको संज्ञानात्मक (ज्ञान सम्बन्धी) विकास भएर अरु भाषा र विषय वस्तुहरू सिक्न मदत हुनेछ । यसबाट गुणात्मक शिक्षाको अपेक्षा गर्न सकिन्छ ।

अन्य भाषाको दास हुने मनोवृत्तिको अन्त्यका निम्ति पनि मातृभाषामा शिक्षा अपरिहार्य छर । मातृभाषाको प्रयोगले भाषिक सार्वभौमतालाई कायम गर्न ठूलो मद्दत गर्छर । वास्तवमा भाषा आफैंमा सानो या ठूलो भन्ने हुँदैनर । यदि हामीले दोस्रो भाषाको रूपमा रहेको सम्पर्क भाषाको माध्यम जस्तै– अंग्रेजी भाषा आदिको माध्यमबाट जबर्जस्त पढाउनु भनेको भाषिक मानव अधिकारको हनन होर । त्यसैले यस खालका कुरामा गम्भीर हुनुपर्छर । यसले एकातिर मातृभाषाप्रतिको प्रगाढतालाई जोड्छ भने भाषाको संरक्षण पनि हुन्छर । सबैभन्दा महत्त्वपूर्ण कुरा मातृभाषाप्रतिको सम्मोहन जगाउन सकियो भने भाषिक उपनिवेशबाट जोगिन सकिन्छ भने यसले नेपालको सार्वभौम बलियो बनाउन मद्दत गर्छर । भाषिक आधारमा गरिने कुनै पनि विभेद सामाजिक न्यायको सिद्धान्तको बर्खिलाफ हो भन्दै मातृभाषामा आधारित शिक्षाले मात्र दिगो विकास र विश्वव्यापी शान्ति स्थापना गर्न सहयोग पुर्‍याउँछ । तसर्थ मातृभाषा संरक्षणका लागि नेपालमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा लागू गर्न आवश्यक छर ।

# राष्ट्रनिर्माणका सन्दर्भमा क्रान्ति

## बिपी कोइराला राजनीतिक अभिलेख

*बाँकी अंश*

२०१७ सालमा प्रजातन्त्रको घाँटी अकस्मात निमोपठएपछि राष्ट्रिय भावना पनि कुण्ठित हुन पुगेको छ । २०१७ सालपछि कायम भएको व्यवस्थामा प्रजातन्त्र र राष्ट्रियता दुवै कुरालाई प्रमुख रूपले लोप गराइएको छ । प्रजातन्त्र लोप भएको त स्पष्ट नै छ । नागरिक अधिकारको अपहरण, पर्टीमाथि प्रतिबन्ध, राजनीतिक विरोधीहरूको घोर दमन, स्वतन्त्र छलफलमाथि रोक, जनताका सामुन्ने दरबारिया आज्ञा राखिनेबाहेक अरू कुरा पर्न नदिने आदि कार्यहरु स्पष्ट रूपले प्रजातन्त्रको हत्याका प्रमाण हुन् । तर, यस व्यवस्थाले भर्खरै जम्न खोजेको राष्ट्रियताको भावनालाई पनि त्यति स्पष्ट रूपमा प्रकट नभईकनै मारेको छ । त्यसो हुनाले राजा आफूलाई राष्ट्रियताको संरक्षक भनेर घोषित गर्छन् । र, कतिपय व्यक्तिले कुनै विचार नपुर्‍याई त्यो 'हो की ?' भनेर आफूलाई ढाडस दिन्छन् । तर, वास्तविकता के हो भने पञ्चायती व्यवस्थाले राष्ट्रिय भावनामा कुठाराघात गरेको छ । यसले जुन–जुन स्थानमा प्रजातान्त्रमाथि प्रहार गरेको छ, त्यही स्थानमा राष्ट्रियतामाथि पनि प्रहार गरेको छ । किनभने, नेपालको सन्दर्भमा राष्ट्रियता र प्रजातन्त्र एउटै मौलिक तत्वका जुम्ल्याहा रूप हुन् । जनताले तानाशाही एकलौटी अधिकारबाट आफ्नो भाग माग्न नथालोस् भन्ने उद्देश्यले यो व्यवस्थाको चतुरतापूर्वक गठन गराइएको छ । यसबाट जनतामा एकताको भावनाको सृष्टि हुनु गाह्रो मात्र होइन, असम्भवप्राय: समेत हुन गएको छ ।

१. यस व्यवस्थाको चुनाव पद्धति सङ्कीर्ण छ । जनता गाउँको चुनावमा मात्र सम्मिलित हुन्छन् । यस्तो चुनावमा कुनै राष्ट्रिय कार्यक्रम वा समस्या छलफलको विषय हुँदैन । धेरै भयो भने गाउँ वा वडाका अत्यन्त क्षुद्र समस्याहरूको पक्ष–विपक्षको चर्चा हुन्छ । सभन्दा माथिलो चुनावबाट त जनता पन्छिइसकेका हुन्छन् । यस्तो परिपाटीमा जनताले कहिल्यै पनि राष्ट्रिय समस्याको ज्ञान पाउँदैनन् । उनका हृदयमा राष्ट्रिय भावनाले अङ्कुरित हुने अवसर नै पाउँदैन ।

२. पार्टीमाथि लगाइएको प्रतिबन्धले राष्ट्रियतामाथि सबभन्दा ठूलो आघात पुर्‍याएको छ । नेपालको राष्ट्रनिर्माणका लागि बालिग मताधिकारमा चुनाव हुनु र पार्टी सङ्गठनको स्वतन्त्रता पाउनु अनिवार्य शर्त हुन् । फराकिलो चुनाव प्रणाली र बहुमतप्राप्त पार्टीले सरकार बनाउने प्रणाली हुने हो भने पार्टीहरुले बाध्यतावश राष्ट्रियस्तरमा सङ्गठन गर्नुपर्छ । पार्टीको सङ्गठन राष्ट्रिय हुन्छ । उसका शाखा–प्रशाखाको जालो देशभरि फैलिएको हुन्छ । उसको नीति र कार्यक्रम देशव्यापी हुन्छ र त्यसमा स्थानीयताको दोष आउन पाउँदैन । उसले क्षेत्रीय र जतीय भावनाको सङ्कीर्ण दायराभन्दा माथि उठ्नुपर्छ । बाहुन, नेवार वा मगर–गुरूङको मात्र राष्ट्रिय पार्टी हुन सक्दैन । मोरङ, लिम्बुवान, अल्लाज, मगरात, काठमाडौं, पोखरा वा बागलुङमा मात्र पार्टी सीमित रहन पनि सक्दैन । यसको दायरा सम्पूर्ण राष्ट्र हुन्छ । अहिलेको पञ्चायती व्यवस्थाले यसको ठीक विपरीत काम गरेको छ । पार्टीहरूको अभावमा राष्ट्रिय प्रश्न वा समस्याहरूमाथि व्यक्तिले दिएको मन्तव्य निरर्थक हुन्छ । त्यसो हुनाले ती समस्याहरु देशको सजग दष्टिमा पर्न पाउँदैनन् ।

३. नागरिक अधिकारको अपहरणबाट पनि प्रजातन्त्र र राष्ट्रियताको एकै थलोमा हत्या गरेर देशमा ठीक त्यस्तै परिणाम ल्याएको छ । राजनीतिक अधिकारबाट वञ्चित भएको नागरिक राष्ट्रको नागरिक हुँदैन । त्यो शोषित, दलित रैती मात्र हुन्छ । 'नागरिक'र 'रैती' दुवै एउटै देशका बासिन्दा भए पनि उनीहरूमा धेरै फरक छ । नागरिक देशका समस्यालाई बुझ्ने, बुझ्न खोज्ने, चनाखो, आफ्नो अधिकार र जिम्मेवारीलाई बुझेको व्यक्ति हो । रैती भने निमुखो हुन्छ । त्यो अर्काको खटनमा हिँड्छ । उसलाई न देशप्रति चाख हुन्छ , न त आफ्नो अधिकारप्रति जागरूक नै हुन्छ । उसमा आज्ञापालन गर्ने स्वभाव बनेको हुँदा ऊ कुनै जिम्मेवारी पनि लिँदैन । तसर्थ , रैतीहरूबाट राष्ट्र बन्न सक्दैन । २००७ सालमा क्रान्तिले नेपालीलाई नागरिक बनाएको थियो, राजाले २०१७ सालमा त्यसलाई खोसे र सारालाई फेरि रैती तुल्याए । उनले राष्ट्रलाई आफ्नो पेवा, जमिनदारी बनाए ।

राष्ट्रनिर्माणमा क्रान्तिको भूमिकाको महत्वलाई हामीले राम्ररी बुझ्नुपरेको छ । क्रान्ति गर्न नसक्ने समाजले राष्ट्र निर्माण गर्न पनि सक्दैन । त्यसले न राष्ट्रिय अस्तित्वको रक्षा नै गर्न सक्छ । नेपालमा क्रान्तिको अनिवार्यताको बारेमा केही शङ्कालु व्यक्ति शङ्का गर्छन् । त्यो शङ्का भनेको राष्ट्रिय अस्तित्वप्रतिको शङ्का हो । नेपालले क्रान्ति गर्न सकेन भने नेपालको राष्ट्रिय अस्तित्व पनि रहँदैन भन्ने निर्विवद सत्य हो । क्रान्तिको सम्भावना नभएको समाजमा ऐतिहासिक गतिशीलताको अभाव रहन्छ । त्यो ठण्डा भएको समाज हो ।

नेपाल राष्ट्रको भविष्यप्रतिको आस्थाले नै हामीलाई क्रान्तिको जोश पनि दिएको छ । अहिलेको नेपालको तस्बिर अँध्यारो र उज्यालोको मिश्रणले बनेको छ । हाम्रो जीवनमा नेपालको राष्ट्रिय अस्तित्व र स्थायित्वमा नै ठूलो शङका उत्पन्न गर्ने ती सारा अन्धकारका तत्व देखा पर्न थालेका छन् । राष्ट्रिय एकताको भावनाको अभाव, विदेशीपक्षीय राजनीतिको सत्रियता, नैतिकताको ह्रास, अन्योल र दिशाभ्रम भएको स्थिति, राष्ट्रिय आदर्शको अभावमा व्यक्तिवादी र स्वार्थको बोलबालाबाट निर्मित अन्धकारको पक्ष बढ्दै गयो भने हाम्रो अस्तित्व पनि लोप भएर जान्छ । यस्तो तस्बिरको विपरीत उज्यालो तस्बिर पनि छ । नेपालका बारेमा सोच्ने, जनताका अधिकारका बारेमा सोच्ने, राष्ट्रिय आदर्शलाई स्थापना गर्न खोज्ने, विदेशीहरूको राजनीतिलाई नअँगाल्ने तथा आफ्नो राष्ट्रिय र प्रजातान्त्रिक उद्देश्यका लागि जस्तोसुकै ठूलो त्याग एवं तपस्या गर्न तत्पर रहने क्रान्तिकारीहरु पनि नेपाली समाजमा छन् ।

नेपालमा अन्धकारको तत्व, ह्रास र पतनको तत्वको विजय हुने हो कि उज्यालोको तत्व, उत्थान र प्रगतिको तत्वको विजय हुने हो ? यी तत्वहरूबीच विजयका लागि दौड हुन सक्छ । समयमै क्रान्ति सम्पन्न हुन सक्यो भने नेपाल रह्यो, नत्र रहँदैन । आफ्नो अस्तित्वमाथि परिरहेको आन्तरिक र बाह्य चोटलाई परास्त गर्ने क्रान्तिले प्रदान गर्ने राष्ट्रिय शाक्तिबिना नेपाल धेरै दिन रहन सक्दैन । क्रान्ति एउटा ऐतिहासिक शक्ति हो, त्यसले विमूढ स्थितिमा रहेका जनतालाई अकस्मात ब्युँझाउँछ, तिनमा अत्यन्त स्फूर्ति र प्रेरणा भरिदिन्छ । इतिहासले छाडेको समाजले क्रान्ति गर्न सक्दैन । अब हेर्नुछ, क्रान्तिवादीको आस्था इतिहासको प्रेरणा हो वा ऐतिहासिक शक्ति नभएको अव्यावहारिक भावनात्मक धारणा मात्र हो ।

नेपालमा जानताले राजाका विरूद्ध आफ्नो अधिकारका लागि क्रान्ति गर्दैनन् भने, के ती जनता विदेशी शत्रुका विरूद्ध वा कुनै क्षयकारी आन्तरिक शत्रुका विरूद्ध उठ्छन भनेर हामीले सोच्न सक्छौं ? इतिहासमा धेरै राज्य बने, कुनै अडे र कुनै त्यसै सिद्धिएर गए । अडेर प्रगति गर्ने राज्यहरूको रहस्य के हो ? ती राज्यका जनताहरूको क्रान्ति गर्ने कटिबद्धता नै त्यसको रहस्य हो । हामीले बेलायतको गृहयुद्ध र विभिन्न लक्ष्यका लागि सम्पादित क्रान्तिहरूलाई अध्ययनको बिन्दु नबनाए के बेलायतको इतिहासको मर्म बुझ्न सकछौं ? त्यहाँको जनताको शक्तिलाई

बाँकी ३ पेजमा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

## लकडाउन...

लगायो । प्रहरीले अनुसन्धानका क्रममा मिर्चैया नगरपालिका-१ रामपुर विर्ता कमिया टोल बस्ने सुनिल कुमार कटुवालको छोरा मुकेश भन्ने मुकुन्द कुमार कटुवाल, जय कुमार यादवलाई पक्राउ गऱ्यो ।

**घटना ५ :** गत साउन २७ गते घरायसी विवादमा सिरहा नगरपालिका-१६ माडरका ककुलदेवी दासको कुटपीटबाट मृत्यु भयो । घटनामा संलग्न आरोपमा प्रहरीले राजकुमारी दास र उनका पति धिरज दासलाई पक्राउ गऱ्यो । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**घटना ६ :** भदौ १ गते सिरहा नगरपालिका-१५ मा मिर्चैया नगरपालिका-९ का उमेश कुमार महतोको हत्या भयो । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**घटना ७ :** भदौ ३ गते अर्नमा गाउँपालिका-५ का सीतादेवी राउतको कुटपीटबाट मृत्यु भयो । आगनको बाटोको विषयलगायत घरायसी विवादमा कुटपीटबाट मृत्यु भएपछि प्रहरीले बालदेव साह, सुलेखा देवी राउत र लिला देवी राउतलाई पक्राउ गऱ्यो । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

लकडाउनकैं समयमा हत्या घटना बढनुले जिल्लाको सुरक्षामा चुनौती थपिएको अधिकारकर्मीहरूको भनाइ छ । अधिकारकर्मीहरूले हत्या घटना हुन नदिन सुरक्षा सतर्कता बढाउन सुझाएका छन् ।

## राष्ट्र निर्माणका ...

चिन्न सक्छौं ? त्यस्तै फ्रान्सको राज्यक्रान्तिबिना फ्रान्सको इतिहासको कस्तो दिशा हुने थियो, त्यो पनि हामी सजिलैसँग बुझ्न सक्छौँ । त्यो राज्यक्रान्तिबिना फ्रान्सको इतिहासको आत्मा नै रहने थिएन । अमेरीकाको स्वतन्त्रताको लडाई र त्यहाँको गृहयुद्ध त्यस देशका जनताको शक्तिका परिचायक हुन् । यी दुई ऐतिहासिक घटनाबिना अमेरिकाको वर्तमान ओजस्विताको रहस्य बुझ्न सकिँदैन । वर्तमान रूसको स्थापना रूसको राज्यक्रान्तिबाट भएको हो । सन् १९०५ को विफल क्रान्तिले पनि त्यस देशका जनताको शक्तिको प्रतिनिधित्व गर्दथ्यो । चीनको गृहयुद्ध र क्रान्तिको महत्वमाथि यहाँ लेखिरहनु आवश्यक छैन । साना-ठूला सबै राष्ट्रले अगाडि बढ्नु छ भने सबैले सङ्घर्ष गरेका छन् क्रान्ति अँगालेका छन् । इतिहासबाट क्रान्तिको ऊर्जा झिकिदिए त्यसमा बाँकी नै के रहन्छ ? नेपालले जीवित रहनुछ भने क्रान्ति गर्नबाट पछि सर्नु हुँदैन । प्रश्न छ, जनताले क्रान्ति गर्छन् कि गर्दैनन् ? गर्छन भने देश रह्यो, हाम्रो राष्ट्र रह्यो, इतिहासमा हामी नेपाली रह्यौं । अहिले तरूणले जस्तो त्याग र बलिदान गरिरहेका छन्, त्यो देश रहयो भने मात्र सार्थक हुन्छ । देशप्रति तरूणहरूको प्रतिबद्धता भएकाले उनीहरूको क्रान्तिप्रति पनि प्रतिबद्धता छ । तरूणहरूको भनाइ छ, देश रह्यो भने हाम्री सबै रह्यौं । अहिले बलिदान हुने तरूणहरू पनि इतिहासको पानामा जाज्वल्यमान भएर रहन्छन् । तर, देश रहेन भने हामी कोही रहँदैनौं । मरेका त मरेकै भए, जीवित नेपाली पनि मरेका सरह हुनेछौं । *(स्रोत : तरूण अंक-६, अगस्त १९७५, वाराणसी)*


## हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २००३ साल
स्वर्गारोहण : वि.सं. २०७७।०५।१०

**स्व. सूर्यनाथ लाल दास (कर्ण)**

नेपाल निर्माण व्यवसायी संघ जिल्ला कार्य समिति सिरहा, लहानको बोर्ड सदस्य भै एक कार्यकाल काम गरिसकेका र साधारण सदस्य समेत रहेका **श्री सूर्यनाथ लाल दास (कर्ण)** को असामयिक निधनबाट मर्माहत भएका छौं । स्वर्गारोहण भएको तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं । साथै, यस दु:खद घडीमा शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

**नेपाल निर्माण व्यवसायी संघ**
जिल्ला कार्य समिति सिरहा, लहान



भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**



### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**


## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा* **घर कुर्ने मुखियाको कहानी ...**

# खण्डहर घर कुर्दै 'मुखिया'



पञ्चायतदेखि बहुदलकाल २०५६ सालसम्म 'बेल्हा' सिरहाको राजनीतिक शक्तिकेन्द्रको रूपमा चर्चित थियो । त्यसताका जिल्लामा सिरहा सदरमुकाम भन्दा बेल्हालाई बलियो राजनीतिक केन्द्र मानिन्थ्यो । कारण २०१८ सालदेखि सिरहाको राजनीतिमा उदाएका थिए कृष्णचरण श्रेष्ठ । उदयसँगै उनले सदरमुकामको राजनीतिलाई चुनौती दिदै समानान्तर केन्द्र बेल्हाबाटै चलाए ।

सिरहा बजारबाट ६ किलोमिटर उतर-पश्चिम बेल्हाले जिल्ला चलाउँथ्यो । दुर्गम गाउँ बेल्हा सदरमुकाम भन्दा बढी ओजपूर्ण थियो । त्यहीबाट जिल्लाको राजनीति गतिविधी सञ्चालन भएकै कारण सदरमुकाम सँगसँगै बजार क्षेत्र बन्न सफल भएको थियो 'बेल्हा' । त्यहाँका पुराना पक्की घरहरू अझैपनि देख्न सकिन्छ । नयाँ निर्माण भएका ब्रगेल्ती घरले बजार क्षेत्रको रूप लिएको छ ।

ती अवधिभर बेल्हामा वडाध्यक्षदेखि प्रधानपञ्चसम्म, राष्ट्रिय पञ्चायत सदस्यदेखि वहुदलकालका सांसदसम्मको घुइचो श्रेष्ठको बेल्हा निवासमा लाग्थ्यो । कार्यकर्ता २४ घण्टै भरिभराउँ हुन्थे । तर त्यही शक्तिकेन्द्र भवन अहिले खण्डहर बनेको छ । कारण, तराईमा सशस्त्र संघर्षरत समूहले २०६३ असोज ७ गते शनिबार श्रेष्ठको हत्या गरेपछि बेल्हाको राजनीतिको पनि हत्या भयो । बेल्हा ओझेलमा परेको छ । उनको निवास खण्डहर बनेको छ ।

शक्तिकेन्द्र घर ६७ वर्षीय रामप्रसाद मुखिया एक्लोले संरक्षण गरिरहेका छन् । । विगत सम्झदै रामप्रसाद भन्छन् 'त्योबेलाको रौनक अनि अहिले एक्लोपनलाई दाज्दा समाज व्यक्ति पुजारी हुँदोरहेछ भन्ने आभाश हुन्छ ।' उनको हत्या पछि कोही कार्यकर्ता, टोलबासी समेत फर्केर आउन चाहदैनन् ।

त्यसो त मुखिया खण्डहर घर कुर्नुपर्दा कहिलेकाही साह्रै उराठ लाग्ने सुनाउँछन् । रामप्रसादका काका नेतु मुखियाकैं पालादेखि श्रेष्ठको रेखदेखमा थिए । काका नेतुपछि अहिले रामप्रसादले मेनेजरी गर्दै आएका छन् । श्रेष्ठ हुँदा त्यो रौनक बेलाको मेनेजरी र अहिले एक्लो अवस्थाको मेनेजरीमा आकास पातालको फरक परेको उनको बुझाइ छ ।

त्यसो त ३९ वर्षको उमेरदेखि श्रेष्ठको भान्सा र रेखदेखमा काम गरेका जंगली राय पनि समाज व्यक्ति पुजारी रहेको अनुभव सुनाउँछन् । 'त्यतिखेर कोही जागिरदेखि राजनीतिक पद लिन आउने र चाकरी गर्नेको भीड लाग्थ्यो,' श्रेष्ठको घर छोडेर अहिले आफ्नै थलो थलाहामा किराना पसल चलाउँदै आएका जंगलीले भने, 'अहिले त्यही घर खण्डहरमा परिणत भएको छ ।'

रामप्रसादले श्रेष्ठ वस्ने पूाच कोठे मूलघर र चार वटा घरको हेरचाह गर्छन । बेला बेलामा भतिज अच्यूत मात्रै आउने गरेको उनले सुनाए । राप्रपाबाट सिरहा क्षेत्र नं. ३ कालागि २०५६ को संसदीय निर्वाचनमा कृष्णचरण साँसदमा विजयी भएका थिए । सिरहाको बेल्हास्थित घरमा शनिबार बिहान मोर्निङ वाकबाट फर्किंदै गर्दा पूर्वसाँसद श्रेष्ठको मोटर साइकल चढेर आएका तीन जनाको समुहले गाउँबीचमा गोली हानी हत्या गरेका थिए ।

समाजसेवीको हत्याले आक्रोशित गाउँलेले त्यतिखेर हत्यामा संलग्नको खोजीक्रममा बेल्हा-५ का रामवृक्ष मुखियाको गोली लागी मृत्यु भएको थियो भने धरानमा उपचारका क्रममा बेल्हा-६ का रामलोचन पासवानको मृत्यु भएको थियो । गाउँले झडपमा साँसद हत्यामा गोली प्रहार गर्ने दुई जनाको समेत मृत्यु भएको थियो ।

बेल्हाबासी श्रेष्ठलाई सम्झदै भन्छन् 'उनी गाउँका अभिभावक नै थिए ।' सन् १९३५ अगष्ट १५ मा काठमाडौंको रानीपोखरीमा जन्मेका श्रेष्ठले २०१५ सालबाट सिरहाबाट राजनीति सुरू गरेका थिए । सिरहा बजारबाट ६ किलोमिटर उतर-पश्चिम बेल्हास्थित पुर्ख्यौली घरमा बस्दै आएका थिए । उनी २०१८ सालमा बेल्हा पञ्चायतका प्रधान पञ्चमा निर्वाचित, २०२२ सालमा जिल्ला पञ्चायतका उपसभापति, २०३३ सालमा गाउँ फर्क राष्ट्रिय अभियानको सिरहा जिल्ला संयोजक, २०३८ सालमा सिरहाबाटै राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भई उद्योग सहायक मन्त्री भएका थिए । २०३९ सालमा यातायात राज्यमन्त्री र २०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा पुन निर्वाचित भई कृषि मन्त्री भएका थिए । जिल्लामा उनी लोकप्रीय नेताका रूपमा कहलिएका थिए । घर नभएका गरिब, दलितका लागि घर निर्माण गरिदिएका थिए जिल्लामा उनले ।

# स्थानीय सरकार र स्थानीय सरकारी कार्यालयबीच सम्बन्ध

## पालिका बहस

### अधिवक्ता सन्तोष कुमार सुवेदी

नेपालको वर्तमान संविधान अनुसार संघीय कार्यपालिका, प्रदेश कार्यपालिका र स्थानीय कार्यपालिकासम्बन्धी व्यवस्था गरि तीन तहको शासन व्यवस्था अर्थात तीन तहको सरकारको व्यवस्था गरिएको छ । केन्द्रमा संघीय कार्यपालिकाले शासन व्यवस्था चलाउँछ भने प्रदेशमा प्रदेश कार्यपालिकाले शासन व्यवस्था चलाउँछ । यो संविधान अनुसार स्थानीय तहको स्थानीय कार्यपालिकाले शासन व्यवस्था चलाउँछ । यो संविधान अनुसार स्थानीय सिंहदरबार अर्थात केन्द्रमा रहेको शासन व्यवस्था स्थानीय तहमा पुग्न गएको छ । अब स्थानीय तहको कार्यपालिका अर्थात स्थानीय सरकारले चलाउने भएकोले स्थानीय सरकारको महत्व झन बढ्न गएको छ ।

स्थानीय सरकारको के कति अधिकार हुन्छ भन्ने कुरा नेपालको संविधानको अनुसूची ८ ले स्पष्ट गरेको छ । स्थानीय सरकारले संविधानको अनुसूची ८ मा उल्लिखित विषयमा आफ्नो अधिकार निहित रहेको सम्झी सो अधिकारको प्रयोग सो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम गर्नुपर्ने हुन्छ । सो अनुसूची ८ बमोजिमको अधिकार प्रयोग गर्दा स्थानीय सरकारको मातहतमा स्थानीय तहको सरकारी कार्यालय पनि रहने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारको मातहतमा केही सरकारी कार्यालयहरु पनि रहने भएकोले स्थानीय सरकार र स्थानीय तहको सरकारी कार्यालयको सम्बन्ध के कस्तो हुन्छ भन्ने सम्बन्धमा स्पष्ट हुनु जरूरी छ ।

नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार सो संविधान र संघीय कानुनको अधिनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने स्थानीय कार्यकारिणी अधिकार सोही संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएबमोजिम हुने तथा सो संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगरपालिकाको हुने व्यवस्था गरिएको छ । गाउँपालिका र नगरपालिकाको कार्यकारिणी गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने, त्यसरी गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार, वडा समितिको काम, कर्तव्य र अधिकार, परिच्छेद ५ मा गाउँसभा वा नगरसभाको व्यवस्थापनसम्बन्धी कार्यविधि अर्थात विधेयक प्रस्तुत गर्ने, ऐन बनाउने समेतको अधिकार उल्लेख गरिएको छ भने परिच्छेद ६ मा गाउँपालिका वा नगरपालिकाले योजना बनाई कार्यान्वयन गर्ने, परिच्छेद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । साथै परिच्छेद ८ मा न्यायिक कार्यसम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरि परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रसम्बन्धी उल्लेख गर्दै कर र शुल्क लगाउने, असुल गर्ने व्यवस्था गरिएको छ । सोही परिच्छेद ९ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, संकलन तथा बाँडफाँट, स्थानीय राजस्व परामर्श समितिको गठन, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति समेतको व्यवस्था गरिएको छ भने परच्छेद १० मा गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरिएको छ ।

परिच्छेद ११ मा प्रशासकीय संगठन र कर्मचारी व्यवस्था सम्बन्धी व्यवस्था गरी गाउँपालिका तथा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार समेत तोकिएको छ भने परिच्छेद १२ मा जिल्लासभा सम्बन्धी व्यवस्था गरिएको छ । यस ऐनको दफा ९४ मा जिल्ला समन्वय अधिकारीको व्यवस्था गरिएको छ । यसरी गाउँपालिका र नगरपालिकाको प्रशासन प्रमुख भई काम गर्ने प्रमुख प्रशासकीय अधिकृत र जिल्लासभाको प्रमुख प्रशासक भई काम गर्ने जिल्ला समन्वय अधिकारी नेपाल सरकारले नै निजामती सेवाबाट पठाइने व्यवस्था छ । गाउँपालिका र नगरपालिकामा पठाइने प्रमुख प्रशासकीय अधिकृतको रूपमा राजपत्रांकित तृतीय श्रेणीदेखि द्वितीय श्रेणीका अधिकृत अर्थात शाखा अधिकृतदेखि उपसचिवसम्म हुन्छन् भने जिल्लासभाका लागि निजामती सेवाको राजपत्रांकित दोश्रो तहको अधिकृत अर्थात उपसचिवलाई खटाउने प्रचलन छ । यसरी हेर्दा गाउँपालिका, नगरपालिका तथा जिल्लासभाको सम्पूर्ण प्रशासकीय कामकारबाहीको बागडोर केन्द्र सरकारले आफ्नो हातमा लिएको देखिन्छ ।




स्थानीय तहको निर्वाचन हुनुभन्दा अगाडि र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी हुनुभन्दा अगाडि कैयौ सरकारी कार्यालयहरूको छुट्टाछुट्टै अस्तित्व थियो । ती सबै सरकारी कार्यालय केन्द्रीय मन्त्रालय र विभागको प्रत्यक्ष देखरेख र निगरानीमा सञ्चालित हुन्थ्यो । तर स्थानीय तहको निर्वाचन भई स्थानीय सरकार गठन भएपछि जिल्लामा अहिले केही सरकारी कार्यालयहरु मात्र केन्द्र सरकार अन्तर्गत राखिएका छन् । तिनमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्राविधिक कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग, कारागार, आन्तरिक राजस्व कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल, कोष तथा लेखा नियन्त्रकको कार्यालय र दुई वा दुईभन्दा प्रदेश जोड्ने वा सम्बन्ध राख्ने आयोजनाहरु केन्द्रीय सरकार अन्तर्गत पर्दछन् । प्रदेश सरकार अन्तर्गत दुई वा दुईभन्दा बढी स्थानीय तह जोड्ने वा सम्बन्ध राख्ने कार्यालयहरु पर्दछन्, जस्तै : अस्पताल, मालपोत, सिंचाई इत्यादि ।

स्थानीय तहको क्षेत्रभित्र काम गर्ने कार्यालयहरु स्थानीय सरकारले हेर्ने गरेको छ तर प्रदेश सरकार मातहत रहेका कैयौं कार्यालयहरु पनि स्थानीय सरकारको साझा सूचीभित्र पर्ने व्यवस्था नेपालको संविधानले तय गरेको छ । पहिले केन्द्रीय सरकारले हेर्ने गरेको सहकारी, शिक्षा, स्वास्थ्य, कृषि, पशु, खानी तथा खनिज, विपद व्यवस्थापन लगायतका कार्यालयहरूको स्थानीय इकाई पनि स्थानीय सरकारअन्तर्गत नै परेको छ । त्यसैले सहकारी, शिक्षा, स्वास्थ्य, कृषि, पशु कार्यालयबाट पहिले तय गरेका विभिन्न योजनाहरु अब स्थानीय सरकारले स्थानीय तहको गाउँसभा वा नगरसभाबाट पारित गरेर कार्यान्वयनमा ल्याउने काम गर्दछ । पहिले केन्द्रीय सरकारको प्रत्यक्ष निगरानीमा सञ्चालन हुने सरकारी कार्यालयको योजनाहरु अहिले स्थानीय सरकारबाट सञ्चालनमा ल्याइदा सजिलो भने पक्कै छैन । त्यसका लागि स्थानीय सरकारले स्थानीय रूपमा लागू गर्न सकिने कैयौं कानुनहरु निर्माण गर्नुपर्ने हुन्छ । स्थानीय तहको पहिलो कार्यकाल भएकोले स्थानीय सरकारको अहिलेसम्मको कार्यकाल कानुन निर्माणमा नै खर्चिएको छ । अझ, कैयौं स्थानीय तहले त्यस्ता कानुन निर्माण गर्न नसकेकाले आफूले प्रयोग गर्नुपर्ने अधिकार पनि उनीहरूले प्रयोग गर्न पाइरहेका छैनन् । कैयौं स्थानीय तहले स्थानीय कानुन निर्माण गर्दा प्रदेश कानुन र संघीय कानुनसँग बाझिने गरी निर्माण गरेकाले त्यस्ता कानुनहरु खारेज समेत भएका छन् ।

स्थानीय सरकारले स्थानीय सरकारी कार्यालयहरूको कार्य सञ्चालन तथा नियमन गर्नुपर्दा आइपरेको अर्को प्रमुख समस्या भनेको स्थानीय तहमा रहेका कर्मचारीहरूको समायोजन हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ अनुसार, स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोकसेवा आयोगले छनोट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्ने प्रावधान भए पनि सबै प्रदेशमा प्रदेश लोक सेवा अयोगको गठन र त्यसको कार्यविधि बन्नै सकेको छैन । केही प्रदेशमा प्रदेश लोकसेवा आयोगको गठन भए पनि त्यसले आफ्नो कामकारबाही अगाडि बढाउन सकेको छैन । यस्तो अवस्थामा स्थानीय तहमा पहिलेकै स्थानीय निकायमा रहेका सीमित कर्मचारीहरूबाट काम लिनुबाहेक अर्को उपाय स्थानीय सरकारसँग छैन । केही स्थानीय सरकारले आफूखुशी अधिकृत स्तरको कर्मचारी करारमा नियुक्त गरेका पनि छन् । यसरी नियुक्त हुने करारका कर्मचारी राजनीतिक आस्थासँग जोडिएकाले उनीहरूबाट निष्पक्ष सेवा प्रवाह हुने कुरामा कैयौं स्थानीय तहमा विवाद देखापरेको छ । यसबाहेक स्थानीय सरकारले विभिन्न स्थानीय तहमा समायोजनमा भएका विषयगत शाखाका निजामती कर्मचारीबाट समेत सेवा प्रवाह गर्दै आइरहेका छन् ।

समग्रमा भन्ने हो भने, स्थानीय सरकार र स्थानीय सरकारी कार्यालयबीच सम्बन्ध कायम हुने देखिए पनि तिनीहरूको परिचालन र समन्वय गर्ने सवालमा स्थानीय सरकारको भूमिका अहिलेसम्म गौण नै देखिएको छ । स्थानीय तहमा समायोजन हुने विभिन्न सरकारी कार्यालयका शाखा तथा इकाईमा रहेका सरकारी कर्मचारीहरु जनताप्रति जवाफदेही हुनुको साटो स्थानीय तहमा निर्वाचित भएर आएका नगर प्रमुख, उपप्रमुख तथा गाउँपालिका अध्यक्ष वा उपाध्यक्षको होस्टेमा हैंसे र चाकरी गर्ने भएको देखिएकोले लक्षित वर्गसम्म केन्द्रीय सरकारले अगाडि सारेको नीति तथा कार्यक्रमका योजनाहरु प्रभावकारी ढंगले कार्यान्वयन हुनसकेको छैन ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)